# ऐसेलुखर्क गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ऐसेलुखर्क, खोटाङ

## वार्षिक नीति तथा कार्यक्रम

## आ.व.२०८१/०८२

**प्रस्तुतकर्ता**

गीरेन्द्र बहादुर राई

गा.पा. अध्यक्ष

ऐसेलुखर्क गाउँपालिका

मितिः २०८१/०३/१०



ऐसेलुखर्क गाउँपालिका

## गा.पा. अध्यक्ष श्री गीरेन्द्र बहादुर राईबाट प्रस्तुत

## ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८१।०८२ का लागि वार्षिक नीति तथा कार्यक्रम

**सम्मानित गाउँसभा सदस्य ज्यूहरु,**

ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिकरण समारोहमा उपस्थित हुनुभएका गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभा सदस्य ज्यूहरु, ऐसेलुखर्क गाउँपालिकाका सम्पूर्ण कर्मचारी, सञ्चारकर्मी तथा सुरक्षाकर्मी मित्रहरु, विभिन्न सञ्चार माध्यम तथा विभिन्न सामाजिक सञ्जालबाट प्रत्यक्ष रुपमा देश-विदेशमा रहेर सुनिरहनु भएका सम्पूर्ण आमा-बुबा, दाजुभाइ, दिदी बहिनीहरु।

आज यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमलाई सार्वभौम नागरिकहरुको प्रतिनिधिको रुपमा यस सम्मानित एवं गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई खुशी र गौरवान्वित महशुस गरेको छु ।

नेपालमा नागरिक सर्वोच्चता, सार्वभौमसत्ता, लोकततन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाको लागि विभिन्न कालखण्डमा भएका राजनैतिक आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी साहदत प्राप्त गरेर मुलुकलाई आजको यो ऐतिहासिक क्षण दिलाउनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर अमर सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

प्रजातान्त्रिक प्रणालीको नविनतम आयाम अनुरुप लोकत्रान्त्रिक मूल्य र मान्यतामा आधारित रहेर समुन्नत ऐसेलुखर्क गाउँपालिका निर्माणका खातिर जनताको अभिमतबाट चुनिएर आए देखि नै हामीसँग भएको सीमित स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै "सुन्दर, सिर्जनशिल र समृद्ध ऐसेलुखर्क" निर्माण गर्ने मूल नारालाई सार्थक बनाउनको लागि निरन्तर लागिरहेको कुरा अवगत गराउन चाहन्छु ।स्थानीय तह आम नागरिकहरुको आशा र भरोसाको केन्द्र, अविभावक र संरक्षक अनि संघीयताले बोकेका सपना पुरा गराउने सफल साधन भएको हैसियतले साना-साना समस्या देखि ठूला-ठूला माग र आबश्यकताहरुलाई सहज र सरल ढंगले समाधान र सम्बोधन गर्ने प्रयत्न गरिएको कुरामा गाउँपालिका बासी आम नागरिकहरु जानकार नै हुनुहुन्छ र जनताहरु

सामु गरिएका हाम्रा बाचा र प्रतिबद्धता पुरा गर्न अनवरत लागिरहने समेत निबेदन गर्न चाहन्छु ।

राष्ट्रले लिएको आर्थिक तथा वित्तीय नीति, देशको अर्थतन्त्र सवलिकृत गराउने रणनीति र दिर्घकालिन लक्ष्य अनुरूप नै यस गाउँपालिकाले आ.व.२०८०/०८१ का लागि नीति कार्यक्रम तयः गरिएकोमा विश्व अर्थतन्त्रमा देखिएको प्रभावका कारण पछिल्लो समयमा खस्किदो आर्थिक अवस्थाबाट यस गाउँपालिका पनि अलग्गै रहन सकेन ।राष्ट्रिय स्तरमा नै आएको आर्थिक संकुचन र संघीय बजेटमा भर पर्नु पर्ने हाम्रो निरीह अवस्था तथा संघीय विकास बजेट कटौतीका कारण जनतासामु ल्याएका कतिपय लोक कल्याणकारी कार्यहरु समेत सम्पादन गर्न नसक्दा आम नागरिकमा पर्न गएको असर प्रति हामीलाई दुःख लागेको छ ।तथापी प्राप्त श्रोतलाई क्षेत्रगत रुपमा फराकिलो पार्दै सूचकगत सुधारमा केन्द्रीत भएर दिगो, योजनावद्ध, समन्यायीक, फराकिलो, मागमा आधारित विकासका निम्ति प्रतिवद्ध रहेको कुरा समेत रहेको समेत अवगत गराउन चाहन्छु ।

**"जनप्रतिनिधीहरु जनताका सेवक हुन तर शासक होइनन्" भन्ने मूल मान्यतालाई मुख्य मार्गदर्शक सिद्धान्तको रुपमा स्थापित गर्दै** विकासका हरेक गतिविधिमा जनताहरुलाई केन्द्रविन्दुमा राखी लोकतन्त्रको आधारभूत मूल्य, मान्यता, बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तिन्व र समन्वयको सिद्धान्तलाई आत्मसात गरी विधिको शासनप्रति पूर्ण प्रतिवद्ध रही गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई सन्तुलित रुपमा अगाडि बढाउन स्थानीय सरकार दृढ छ ।

ऐसेलुखर्क गाउँपालिका खोटाङ जिल्लाको उत्तर पश्चिममा अवस्थित सुन्दर प्राकृतिक मनोरमयुक्त र विविध पर्यटकिय एवं पदमार्गहरुको सम्भावना भएको साथै एउटा छुट्टै इतिहास बोकेको गाउँपालिका हो।यस क्षेत्रमा विविध कृषि बाली, विविध फलफुल र विविध तरकारी उत्पादन गर्न सकिने र व्यवसायिक रुपमा पशुपालन गरी उच्च आर्थिक वृद्धि हासिल गर्न सक्ने सम्भावना र अवसर बोकेको गाउँपालिका हो ।यिनै अवसर र सम्भावनाहरुको खोजी र भरपुर उपयोग गर्दै ऐसेलुखर्क गाँउपालिकालाई समृद्ध, उन्नत, सुखी, स्वच्छ र विकसित गाउँपालिका निर्माण गर्ने हाम्रो उद्देश्य रहेको कुरा मैले अवगत गराइसकेको छु तर पालिकाका सामुन्ने एउटा समृद्ध पालिका बन्नका लागि

अझै अनेकौ चुनौतिहरु विद्यमान रहेका छन्। तिनका बाबजुद ति चुनौतीहरु बीच पनि त्यतिकै उज्वल सम्भावनाहरु पनि विद्यमान छन् । सीमित स्रोत साधनको बाबजुद हामीले चुनौतीका ति पहाडहरुलाई चिर्दै ती तमाम समस्याहरुको समाधान गर्ने क्रममा संभावनालाई नै उपलब्धीको रुपमा रुपान्तरण गर्न सक्छौ भन्ने आत्मविश्वास र दृढ इच्छाशक्तिका साथ अगाडी बढ्नु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै गाउँपालिकाको विकासको यो मूल अभियानमा यस भूगोलभित्रका सबै राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी र आम नागरिकहरु र विकास प्रेमी सबैलाई ऐकेवद्धता हुन हार्दिक आब्हान समेत गर्दै आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम मार्फत समृद्ध, समुन्नत, समतामूलक र विकसित गाउँपालिकाको भावी तस्विरलाई सामुन्नेमा राखेको छु ।

विकास सबैको सहयोग, सहकार्य र सहजिकरणबाट मात्र संभव हुने भएकोले यस ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र विकास निर्माणको प्रक्रियालाई प्रभावकारी रुपमा सञ्चालन गर्न ऐसेलुखर्क गाउँपालिकाको गरिमा र ख्यातिलाई थप उचाईमा पुऱ्याउन आवश्यक सल्लाह, सुझाव, परामर्श दिई विकासप्रतिको पथप्रदर्शन, मार्गदर्शन प्रदान गर्नु हुने यस गाउँपालिका स्थित विभिन्न राजनीतिक दलका प्रतिनीधि ज्यूहरु, नागरिक समाज, बुद्धिजिवी, ऐसेलुखर्कबासी आम आम दाजुभाई तथा दिदीबहिनीहरु तथा सरोकारवालाहरुको योगदानलाई उच्च सम्मान गर्दै विशेष धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सहयात्रा र समन्वयका लागि हार्दिक अपिल गर्दछु ।

आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व चालु आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममार्फत हामीले तय गरेका वाचा तथा प्रतिवद्धतालाई मध्यनजर गर्दै यस सम्मानित सभामा चालु आ.व. २०८०/०८१ मा यस ऐसेलुखर्क गाउँपालिकाबाट सम्पादन भएका महत्त्वपूर्ण तथा मुख्य उपलब्धिहरुको समिक्षा तथा स्मरण गर्न चाहन्छु ।

## (क) आर्थिक विकास

### १. कृषि तथा पशु सेवा

- अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकिकरण कार्यक्रम (कृषि औजार तथा उपकरण वितरण ८० प्रतिशत अनुदान) मार्फत कृषि उपजको उत्पादन लागत घटाउन तथा कृषकको कार्यबोझ घटाउने उद्देश्यका साथ मिनि पावर टिलर-

४, कम्वाइन मिल-५, मल्टिक्रप थ्रेसर-७, इलेक्ट्रिक मदानी-५०, सोइल अगर-२ गरी २० कृषक समूह, ७ कृषि तथा पशुपालन फार्म र २९ कृषक गरी कुल ५६ जना कृषक तथा कृषक समूहहरुलाई कृषि औजार तथा उपकरण वितरण गरिएको छ ।

- किसानको पहिचान गरी सरकारी तवरबाट किसानलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धिको लागि वडा नं. २, ३, ४, ५ र ६ का १३९८ घरधुरी किसान सूचीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।
- आयातित तेललाई प्रतिस्थापन गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न र गाउँपालिकाबासीलाई शुद्ध तेलमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ तोरी खेती प्रवर्द्धन अनुदान कार्यक्रम अन्तर्गत तोरी खेती गर्ने १६१ जना किसानहरुलाई तोरी खेती प्रवर्द्धन अनुदान उपलब्ध गराइएको छ । किसानको खेतबारी तथा घरमा पुगेर क्षेत्रफल निर्धारण तथा उत्पादन तथ्याङ्क संकलन गरिएको १६१ घरधुरीबाट कुल ९,३३६ के.जि. तोरी उत्पादन भएको छ ।
- किसानको घर, गोठमा पशु प्राविधिक पुगी पि.पि.आर.-७,०००, लम्पी स्कीन-४५०, रानीखेत-९,००० र खोरेत- २,००० खोप लगाई भ्याक्सिनेशन कार्यक्रम सञ्चालन गरिएको छ । जसको कारण गाउँपालिकाभित्र यो रोग हालसम्म देखिएको छैन ।
- पशुपन्छी परजिवी नियन्त्रणको लागि किसान दाजुभाइ तथा दिदीबिहनीहरुले पाल्नु भएका पशु वस्तुहरुमा भएको परजिवीको पहिचान गर्न स्थलगत रुपमा किसानहरुको घरआगन तथा गोठमा नै सेवा पु्याउन पशुपन्छी परजिवी नियन्त्रण शिविर सञ्चालन गरी ६५३ जना किसान दाजुभाई तथा दिदीबहिनीले पाल्नु भएको पशुवस्तुहरुको १,३०८ वटा StoolTest र ११,१४४ वटा Parasite Treatment गरिएको छ ।
- ऐसेलुखर्क वडा नं.-५, महेश्वरीका १७ कृषक समूहलाई हरियो सागपात, काउली, बन्दा, सिमी लगायतका तरकारी विउ वितरण गरिएको छ ।

- मौरी पालन कार्यक्रमलाई प्रवर्द्धन गर्न ऐसेलुखर्क वडा नं.-२, बाकाचोलका २० जना मौरी पालक कृषकहरुलाई आधुनिक मौरी पालन सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- किवी प्रवर्द्धन कार्यक्रम अन्तर्गत किवी उद्योगका ८ जना कृषकहरुको किवी थाक्रा तथा एग्रो नेट व्यवस्थापन गरी किवी फार्म सुधार गरिएको छ ।
- व्यावसायिक कृषि तथा पशु फार्म सुदृढीकरण कार्यक्रम (७५ प्रतिशत अनुदान) अन्तर्गत ५ वटा व्यवसायिक कृषि फार्महरुको गोठ, खोर सुधार तथा व्यवस्थापन गरिएको छ ।
- कृषकहरुको पशु स्वास्थ्य व्यवस्थापन कार्यक्रम अन्तर्गत मेडिकल उपचार-११,२९९, माइनर सर्जिकल उपचार-४२६, गाइनोक्लोजिक उपचार-७६, पशु बन्ध्याकरण-३३०, आन्तरिक परजिवी नियन्त्रण-५,५९४, बाह्रय परजिवी नियन्त्रण-१,०६७ र महामारी रोक नियन्त्रण तथा रोकथाम (लम्पी स्किन)-४४ पटक उपचार सेवा प्रवाह गरिएको छ ।
- कृषकहरुलाई कृषक समूह दर्ता/नविकरण प्रकृयाको बारेमा जानकारी गराउने उद्देश्यका साथ ७ वटै वडाहरुमा २२१ जना कृषकहरुको सहभागितामा १ दिने समूह व्यवस्थापन तथा सञ्चालन तालिम सञ्चालन गरिएको छ ।
- कृषकहरुमा कृषि तथा पशुधन सम्बन्धि प्रकृयाको बारेमा जानकारी गराउने उद्देश्यका साथ ७ वटै वडाहरुमा २४८ कृषकहरुको सहभागितामा १ दिने कृषि तथा पशुधन बीमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- प्रायस नेपालसँगको साझेदारीमा कृषकहरुलाई उत्पादनमा प्रोत्साहन र मनोबल बढाउनको लागि कृषि मेला प्रदर्शनी आयोजना गरिएको छ ।
- मकै तथा कोदो जस्ता खाद्यान्न बालीमा फौजी किरा, सुन्तलामा पतरो किरा, अमिलो जातका फलफुल र आँपमा औशा किरा नियन्त्रणको लागि आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गरी साईपरमेथिन, क्लोरोपाईरीफस, फरोमेन ट्र्याप वितरण गरिएको छ ।
- ३५ वटा नयाँ तथा पुरानो कृषक समूह दर्ता तथा नविकरण गरिएको छ ।

## २. सिंचाई

- साना सिंचाई कार्यक्रम अन्तर्गत संघीय सरकार, प्रदेश सरकार, ऐसेलुखर्क गाउँपालिकाको २०/२० प्रतिशत, स्वीस सरकार विकास सहयोग कार्यक्रम३० प्रतिशत र उपभोक्ताको १० प्रतिशत लागत साझेदारीमा २ वटा क्रमागत र ४वटा नयाँ योजना गरी कुल ६ वटा सिंचाई आयोजना सञ्चालन भई सम्पन्न भएका छन् ।
- गाउँपालिकाको स्रोतबाट ६ वटा सिंचाई आयोजना मर्मत तथा सम्भार भएका छन् ।

३. <u>**उद्योग तथा वाणिज्य**</u>

- नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक सहयोग र ऐसेलुखर्क गाउँपालिकाको आयोजनामा गरिबीको रेखामुनी रहेका विपन्न परिवारलाई लघु उद्यमको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्ने उद्देश्यका साथ सञ्चालन भई रहेको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत ऐसेलुखर्क गाउँपालिका वडा नं. १, राखा बाङ्देलमा ६५ जनाको सहभागितामा १ दिने वडा स्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी घरधुरी सर्वेक्षण फारम ए र सम्भाव्य लघु उद्यमीका रुपमा सहभागी छनौट तथा लघु उद्यम समूह गठन गरिएको छ ।
- ८ दिने उद्यमशीलता विकास तालिम वडा नं. -१ राखा बाङ्देलमा सञ्चालन गरिएको छ ।
- उद्यमशिलता विकास तालिममा सम्भावित लघु उद्यमीहरुलाई प्राविधिक सिप विकास तालिम अन्तर्गत वडा नं.-१ मा १५ जनालाई आधारभुत तहको ३० दिने हाउस वाइरिङ र ११ जनालाई ३० दिने बाँसको फर्निचर तथा हस्तकला सम्बन्धी तालिम प्रदान गरिएको छ । यस कार्यक्रममार्फत प्राविधिक सीप विकास तालिम लिने लघु उद्यमीहरुको संख्या २६ जना रहेको छ ।

**४. रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम)**

- श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य, कार्यनीति, बेरोजगार व्यक्तिको अधिकार, आवेदन प्रक्रिया तथा रोजगारीमा संलग्न प्रक्रिया सम्बन्धमास्थानीय जनप्रतिनीधि,

कर्मचारी, बेरोजगार व्यक्ति, नागरिक समाज तथा सरोकारवालाहरुसँग मिति २०८० फागुन १३ गतेदेखि मिति २०८० फागुन १९ गतेसम्म ७ वटै वडा कार्यालयहरुमा १ दिने अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुको आयोजना बैंक बनाइ सोही बैंकमा रहेका आयोजनामात्र कार्यान्वयन गरिएको छ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत आई.डि.ए. बाट सोधभर्ना हुने सशर्त अनुदान रोजगारी सिर्जनाको लागि प्राप्त रु. २६ लाख ८५ हजार बजेटबाट वडा नं. १, ३, ४ ५ र ६ मा ९ वटा योजना सञ्चालन गरी आ.व. २०८०/०८१ मा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ४० जनालाई न्यूनतम १००/१०० दिनको रोजगारीमा खटाइएको छ। जसबाट ३,९१९ दिन रोजगारी सिर्जना भएको छ।
- नेपाल सरकारबाट सशर्त अनुदान रकम अन्तर्गत रोजगारी सिर्जनाको लागि प्राप्त रु.२६ लाख ८० हजार बजेटबाट ४० जना बेरोजगार व्यक्तिहरुलाई वडा नं. २, ५ र ७ मा ५ वटा योजना सञ्चालन गरी आ.व. २०८०/०८१ मा बेरोजगार सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये ४० जनालाई न्यूनतम १००/१०० दिनको रोजगारीमा खटाइएको । जसबाट ३,९२६ दिन रोजगारी सिर्जना भएको छ।
- नेपाल सरकार र आई.डि.ए. स्रोतबाट सञ्चालित १४ वटा योजनामा औषत ३.५ मिटर चौडाई, १,१०२.७ मिटर लम्बाई र ०.१५ मिटर उचाईको ५७८.७९ घनमिटर सडक सोलिङ गरिएको छ ।
- १२६० मिटर लम्बाई, औषत ०.३८ मिटर चौडाई र ०.३८ मिटर उचाईको कुल १८१.१३ घनमिटर सडक कुलो (ड्रेन) खनिएको।
- ५९.५ मिटर लम्बाई, औषत ०.७ मिटर चौडाई र ०.८२ मिटर उचाईको ३४.२० घनमिटर ड्राई वाल लगाइएको ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका १४ वटा योजनाहरुमध्ये ११ वटा योजनाहरुको लागि प्राविधिक लागत अनुमान प्रतिवेदन बमोजिम आवश्यक जम्मा ५४८ थान ग्याबियन बक्स तारजाली गाउँपालिकासँगको लागत साझेदारीमा ९६६.५ घनमिटर ग्याबियन बक्स तारजाली भरी सडक मर्मत कार्य गरिएको छ ।
- वैदेशिक रोजगारीको शिलशिलामा मृत्य भएका कामदारको नजिकको हकदारले प्राप्त गर्ने आर्थिक सहायताको लागि १ जना लाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सिफारिस गरी सहजिकरण गरिएको छ ।
- वैदेशिक रोजगारीमा जाने २ जना व्यक्तिको पुनः श्रम स्वीकृतिको लागि सहजिकरण गरी श्रम स्वीकृति स्टिकर उपलब्ध गरिएको छ ।

## (ख) सामाजिक विकास

### १. शिक्षा, युवा तथा खेलकूद

- शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा मापदण्ड निर्माण गरी शिक्षक दरबन्दी मिलान गरिएको छ।
- शिक्षक तलब भत्तालाई मासिक रुपमा सोझै प्र.अ. तथा शिक्षकको खातामा निकाशा गर्ने व्यवस्थालाई निरन्तरता दिनुका साथै विद्यालय कर्मचारीहरु र बाल विकास सहजकर्ताहरुको तलब भत्ता समेत मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा निकाशा गरिएको छ।
- प्रधानाध्यापक तथा शिक्षकहरुको मनोवल उच्च राख्नको लागि प्र.अ. सञ्चार खर्च, बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीहरुलाई थप तलब भत्ता तथा विद्यालय मसलन्द उपलब्ध गराइएको छ।
- आधारभूत तहको परीक्षामा उत्कृष्ट हुने विद्यार्थी तथा SEE परीक्षामा सर्वोत्कृष्ट जि.पि.ए. हासिल गर्ने विद्यार्थीलाई सम्मान गरिएको छ।
- विभिन्न संघ संस्थासँग सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल विकास शिक्षक तथा विद्यालयका प्रधानाध्यापकहरुलाई तालिम तथा तत् तत् व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

- सुत्केरी बिदामा बस्ने शिक्षकको स्थानमा उक्त अवधिमा विद्यालयको शैक्षिक क्षती न्यूनिकरण गर्दै प्रभावकारी पठन पाठन सञ्चालन गर्नको निम्ति जगेडा शिक्षक कोषको व्यवस्था गरिएको ।
- राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा खेलाडीहरु सहभागी गराइएको साथै यस पटक देखि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा मार्षल आर्ट तर्फको खेल समावेश गरिएको छ।
- संघीय सरकार अन्तर्गत विज्ञान प्रयोगशाला (श्री त्रिभुवन मा.वि) र ICT (श्री बौद्ध आ.वि.) को योजना बाँडफाड तथा कार्यक्रम समेत सम्पन्न गरिएको।
- विद्यालयहरुका सम्पूर्ण प्रधानाध्यपकहरुको भेला गराई शैक्षिक सत्र २०८१ को लागि शैक्षिक कार्ययोजनाको खाका निर्माण गरिएको छ।
- शैक्षिक सत्र २०८१ को इमिस (IEMiS) अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- शिक्षा समिति तथा प्र.अ. हरुको नियमित वैठक सञ्चालन गरिएको साथै विद्यालयहरुको नियमित अनुगमन र अनुगमन पश्चात विद्यालयमा छलफल, सल्लाह सुझाव तथा पेसागत सहयोग सञ्चालन गरिएको छ।

२. **स्वास्थ्यः**

- नेपाल सरकारद्धारा नि:शुल्क वितरणका लागि सुचिकृत गरिएका औषधि तथा औषधिजन्य सामग्री समयमा नै विद्युतीय खरिद प्रणालीद्धारा खरिद गरी स्वास्थ्य संस्थाहरुमा नियमित औषधि आपूर्ति गरिएको छ।
- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरुमा पदपुर्ति गरी कर्मचारी व्यवस्थापनतथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाइएको छ।
- ज्येष्ठ नागरिक तथा दिर्घरोगी एवं अपांगहरुसँग स्वास्थ्यकर्मी कार्यक्रम प्रत्येक वडा, टोल टोलमा गई नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रवाह भइरहेका आधारभुत स्वास्थ्य सेवा सम्बन्धि रिपोर्टिङ सेवालाई हरेक स्वास्थ्य संस्थाबाट नै प्रविष्ट गर्न सुरुवात गरिएको छ ।

- प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कबाट दिइने निःशुल्क स्वास्थ्य सेवा (प्रयोगशालामा जाँचका सम्पुर्ण सेवाहरु,एक्सरे सेवा तथा भिडियो एक्सरे सेवाहरूओ.पि.डी. तथा इमर्जेन्सी सेवा) हरुलाई गुणस्तरीय सेवा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको प्रबन्ध मिलाइएको छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि ऐसेलुखर्क गाउँपालिकाभित्र निःशुल्क एम्बुलेन्स सेवालाई यस वर्ष निरन्तरता रुपमा सेवा उपलब्ध गराइएको छ ।
- मृगौला प्रत्यारोपण, डाईलाईसिस,मेरुदण्ड पक्षघात र क्यान्सर रोग लागेका दिर्घ रोगीहरुलाई  औषधी उपचार खर्चवापत पाउने मासिक पाँच हजार रकम त्रैमासिक रुपमा भुक्तानी गरिएको छ ।
- आठ प्रकारका कडा रोग लागेपश्चात विपन्न नागरिकले पाउने एक लाख बराबरको औषधी उपचार छुट सम्बन्धिसिफारिस ४० जना विपन्न नागरिकहरुलाई यथासिघ्र उपलब्ध गराइएको छ ।
- हरेक वर्ष गाउँपालिकालाई नियमित रुपमा घोषणा गरिदै आएको पूर्ण खोप सुनिश्तिता र दीगोपना गाउँपालिका घोषणा गरिएको छ ।
- ऐसेलुखर्क गाउँपालिकाको व्यवस्थापनमा खोटाङ सेवा समाज, युकेको आर्थिक तथा प्राविधिक सहयोगमा ३ (तीन) दिने स्वास्थ्य शिविर सञ्चालन गरिएको छ ।

## ३. खानेपानी तथा सरसफाई

- खानेपानीको मुहान संरक्षण गरी सफा खानेपानीमा पहुँच सुनिश्चिता गर्न १२ वटा योजनामार्फत खानेपानीकोमुहान संरक्षण, ट्याङ्की तथा ईन्टेक निर्माण तथा मर्मत गरिएको छ ।
- आगलागिबाट क्षेति भएका बस्तिको खानेपानी आपुर्तिको व्यवस्था सूचारु गर्न खानेपानीको पाइपको व्यवस्थापन भै सकेको छिट्टै पुनः जडान गरिने ।

## ४. संस्कृति प्रवर्द्धन

- विभिन्न जातजाति, धर्म, संस्कार तथा सस्कृतिसँग सम्बन्धित १३ वटा मठ मन्दिर, देविस्थान, गुम्बा, भुमेथान निर्माण तथा मर्मत गरिएको छ ।

### ५. महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिक

- नारी दिवसको अवसरमा महिलाहरुको हक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत एकल महिला, कोभिड-१९ प्रभावित महिला, विपन्न महिला, हिंसा पीडित महिला तथा परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएका परिवारका २५ जना महिलाहरुलाई ५ दिने तालिम प्रदान गरी आर्थिक रुपमा सक्षम गराउन २५ जना महिलाहरुलाई २६ हजारको दरले बीउ पुँजीको रुपमा अनुदान रकम उपलब्ध गराइएको छ ।
- स्थानीय सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार र करुणा फाउण्डेशन, नेपालको त्रिपक्षीय लागत साझेदारी र अपाङ्ग महासंघ, नेपालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुको विषेशज्ञ चिकित्सक तथा प्राविधिकद्वारा सात वटै वडाहरुमा प्रारम्भिक जाँच शिविर सञ्चालन गरी अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तथा पुनःस्थापना योजना तयारी गरिएको, सञ्चालनमा रहेको अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिने छ ।

## (ग) पूर्वाधार विकासः

- ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीय भवन निर्माणसम्बन्धमा नेपाल मध्यस्थता परिषद् (नेप्का) को मध्यस्थतामा विवाद समाधान गरी प्रशासकीय भवनको निर्माण कार्यलाई तिव्रता दिइएको छ ।
- ऐसेलुखर्क गाउँपालिका वडा नं.-३, ऐसेलुखर्कमा निर्माणाधीन १५ शैया अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । निर्माण कार्यलाई गुणस्तरीय बनाउन नियमित रुपमा अनुगमन गरिएको छ।
- प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालित ऐसेलुखर्क बजार ढलान कार्यसम्पन्न भएको छ । ऐसेलुखर्क फापरश्वरा हुँदै ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नती, त्रिभुवन मा.वि. छात्राबास निर्माण, माकीपा सपनेश्वर पर्यटकीय स्थल निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

- गाउँसभाबाट योजना तथा बजेट विनियोजजन नगरी गाउँपालिकाबाट इन्धन खरिद गरी आफ्नै व्याक हो लोडर प्रयोग गरी ४५ वटा सडक मर्मत तथा सरसफाई, एस्काभेटर प्रयोग गरी २३ वटा सडक मर्मत, सरसफाई तथा स्तरोन्नती गरिएको छ ।जसमाअत्यन्त जटिलमानिएकापारा भीर, चङ्खुले सल्ले सडक, रैकर धोद्रे सडक, चित्रे बाल्छिखोला सडक, माक्पा इलिम सडकबादेल विस्काम सडकहरु निर्माण गरी सो क्षेत्रका जनताहरुको आवतजावतलाई सहज गराइएको छ।
- नेपाल विद्युत प्राधिकरणसँगको आवश्यक पहल तथा समन्वयमा गाउँपालिकाभित्रका ७ (सातै) वडाहरुमा केन्द्रीय विद्युत प्रशारन लाइन विस्तार गरी आम नागरिकमा विद्युत पहुँच पुऱ्याइएको छ ।
- ग्रामीण स्तरमा विद्युत पँहुच नपुगेका अति विपन्न ५९ घरधुरीलाई नविकरणीय उर्जा प्रविधि जडान कार्यक्रममार्फत सौर्य विद्युत बत्ती उपलब्ध गराइएको छ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

**१. जलाधार**

- बृहत जलाधार व्यवस्थापन केन्द्र, कोशी, उदयपुरको आर्थिक सहयोगमा मुहान संरक्षण कार्यक्रम अन्तर्गत वडा नं-२, झाँक्रीबास र वडा-३ को पातेलमा मुहान संरक्षणा र वडा नं.-५(साविक ३ नम्बर वडा) मा छानाको पानी संकलन गरी २० वटा रिजर्भ पोखरी र १ वटा रिचार्ज पोखरी निर्माण गरिएको छ ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

- ऐसेलुखर्क गाउँपालिकाको आयोजना, जि फाउण्डेशन, नेपालको सहयोग तथा सिटिजन डेभलपमेन्ट सोलुशन, भक्तपुरको परामर्श तथा प्राविधिक सहयोगमा ऐसेलुखर्क गाउँपालिकाको समग्र विकास योजना दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तथा वित्तीय सुशासन कायम राख्न, उपलब्ध स्रोत साधनलाई नीतिगत, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल मिलाई खर्च प्रणालीमा सुधार ल्याउनका साथै विकासका प्राथमिकता, स्रोत साधनको व्यवस्थापन र लक्ष्य प्राप्तिको लागि पहिलो मध्यमकालिन खर्च संरचना (२०८१/०८२-२०८३/०८४) तर्जुमा गरिएको छ ।

- ऐसेलुखर्क गाउँपालिकाको यातायात क्षेत्रको विकास तथा व्यवस्थापनको लागि यातायात गुरु योजना निर्माण कार्य सम्पन्न गरिएको छ ।
- चालु आर्थिक वर्षमा २ वटा कार्यविधि निर्माण तथा संशोधन गरिएको छ ।
- गत आ.व. २०७९/०८० मा जडान गरिएको विद्युतिय हाजिर मेसिनलाई स्वचालित रुपमा गाउँ कार्यपालिकाको कार्यालयबाट नै हाजिर हेर्ने साथै एकीकृत हाजिरी प्रणालीमा नयाँ कर्मचारीहरुको विवरण अध्यावधिक गर्ने कार्यहरु गरिएको छ।
- दैनिक रुपमा सम्पादन हुने कार्यहरु वेव पेज ह्यान्डलिङ, अन्य सामाजिक संजालहरुको आधिकारीक पेज ह्यान्डलिङ जस्ता कार्यहरु दिनहु अपडेट गर्ने गरिएको छ।
- स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को आवश्यक पुष्ट्याईका कागजातहरुको (Means of Verification) ब्यबस्था मिलाई तोकिएको समय सिमाभित्र स्वमुल्यांकनको कार्य सम्पादन गरिएको छ।
- यस कार्यालयबाट स्वतः प्रकाशन गर्नु पर्ने त्रैमासिक सूचनाहरु र त्रैमासिक रुपमा प्रकाशन गर्नु पर्ने प्रगति प्रतिवेदन आधिकारिक वेब साईटमा प्रकाशन गर्ने गरिएको छ ।
- यस कार्यालयको कार्यालयसँग सम्बन्धित माग भई आएका सूचनाहरु सम्बन्धित व्यक्तिहरुलाई यथासिघ्र उपलब्ध गराउने गरिएको छ।

**राजश्व प्रशासन**

- उद्योग वाणिज्य संघ ऐसेलुखर्कको समन्वय र ऐसेलुखर्क गाउँपालिकाको आर्थिक लगानीमा ३ दिने कर शिक्षा सम्बन्धि शिविर सञ्चालन गरी करको दायरामा ल्याउने काम गरिएको छ।

**पञ्जीकरण शाखा**

- त्रैमासिक रुपमा भुक्तानी हुने सामाजिक सुरक्षा भत्ता भुक्तानीलाई सहजता र पारदर्शीता बनाउन Electronic Funds Transfer (EFT) मार्फत सम्बन्धित लाभग्राहीहरुको खातामा रकम भुक्तानी गर्न EFT कार्य सुरु गरिएको छ ।

- गाउँपालिकाभित्र फरक-फरक लाभग्राही तर एउटै नागरिकता नम्बर भएका लाभग्राहीहरुको ७ वटै वडा कार्यालयहरुबाट सक्कलै नागरिकता रुजु गरी नागरिकताको प्रतिलिपि सङ्कलन गरिएको छ ।

एसेलुग्रुर्क गाँउपालिका

**सार्वजनिक खरिद व्यवस्थापन**

- आ.व. २०८०/०८१ मा यस ऐसेलुखर्क गाउँपालिकाको स्वीकृत कार्यक्रम साथै संघीय समपुरक र विशेष अनुदान तर्फको कार्यक्रम र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानतर्फका रु. १० लाखभन्दा माथिका ५ वटा योजना विद्युतिय बोलपत्र (e-GP) को माध्यम र २ वटा योजना शिलबन्दी दरभाउ पत्र (हार्डकपि) माध्यमबाट ठेक्का आह्वान गरी सञ्चालन गरिएको छ ।

**न्याय**

- प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७, ४८ र ४९ मा तोकिएको व्यवस्था र क्षेत्राधिकारमा रहेर न्याय सम्पादन गरिएको छ । यस आर्थिक वर्षभित्र न्यायिक समितिमा परेका १० वडा उजुरीमध्ये गाउँपालिका अन्तर्गतको न्यायिक समितिबाट-७ वटा उजुरीको मेलमिलापमार्फत न्याय सम्पादन गरिएको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

अब म यस ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघ तथा प्रदेश सरकारले अवलम्वन गरेका राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, नेपाल सरकारको पक्षबाट भएका अन्तर्राष्ट्रिय महासन्धी तथा सन्धीहरु तथा अन्य प्रचलित ऐन, कानुनहरुको परिधीका साथै ऐसेलुखर्क गाउँपालिकालाई सुन्दर र सम्पन्न बनाउनको लागि ऐसेलुखर्क गाउँपालिकाले तर्जुमा गरेको आवधिक योजना, मध्यमकालिन खर्च संरचना साथै जनताको सामू गरिएका वाचा र प्रतिबद्धतालाईसमेत ध्यानमा राखी यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि सुझाव सङ्कलन कार्यक्रम तथा अनलाइन मार्फत सिङ्गो ऐसेलुखर्क गाउँपालिकाको समृद्धि र सुशासनको लागि आफ्नो अमूल्य राय, सल्लाह, सुझाव दिनुहुने निवर्तमान जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल तथा दलका प्रतिनिधी ज्यूहरु, विद्यालयका

प्रधानध्यापक ज्यूहरु, स्थानीय बुद्धिजीवि तथा सम्पूर्ण सरोकारवालाहरुबाट लिखित तथा मौखिक रुपमा प्राप्त अमूल्य राय, सल्लाह, सुझाव र गाउँपालिकाको आवश्यतालाई समेत मध्यनजर गरी आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

अब म ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८१।०८२ का प्रमुख नीति तथा प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छुः

- ❖ आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजस्व बाँडफाँट रकममा आउनसक्ने कमीलाई ध्यान दिंदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा गरिने छ ।
- ❖ गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य र मध्यमकालिन खर्च संरचना (MTEF) बीच तालमेल हुने गरी योजनालाई प्राथमिकता दिने नीति लिइने छ।
- ❖ स्थानीय आवश्यकता प्राथकमिकिकरण गरी सन्तुलित हुने गरी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- ❖ गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिइनेछ ।
- ❖ नीति कार्यक्रमलाई मुख्य आधार मान्दै बजेट सिमालाई ख्याल गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरिने छ ।
- ❖ गरिबी निवारणमा टेवा पुर्‍याउने तथा रोजगारमूलक योजनाहरुलाई कार्यक्रममा विशेष जोड दिने नीति अवलम्बन गरिनेछ ।
- ❖ बजेट कार्यान्वयनको लागि कार्ययोजना बनाइने छ र त्यो कार्ययोजनालाई कडाइकासाथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

अब म यस सम्मानित सभामा क्षेत्रगत नीति कार्यक्रम तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**(क) आर्थिक विकासः**

**१. कृषि तथा पशुपन्छि विकासः**

- ➢ गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रमा लगानी वृद्धि गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक र वैज्ञानिक कृषि प्रणालीतर्फ

यान्त्रिकिकरण उन्मुख गर्ने नीति लिइनेछ ।कृषि उत्पादनमा सहजता ल्याउन ८० प्रतिशत अनुदानमा अध्यक्ष कृषि तथा पशुपालन यान्त्रिकिकरण कार्यक्रम मार्फत कृषि औजार तथा उपकरण वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ।

- वडागत रुपमा एक नमुना कृषि तथा पशुपन्छि फार्म स्थापना गरिने छ । यस्तो फार्मलाई गुरु किसानको रुपमा परिचालन गरी सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।
- सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा, सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धिको लागि किसान पहिचान परिचय पत्र प्रदानको लागि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाक्षेत्रभित्र प्रमुख खाद्यन्न बाली जस्तैः धान, मकै, गहु फलफूल जस्तैः किवि सुन्तला, स्याउ, आप, केरा, साथै स्कुस करेला, रायो साग जस्ताविविध तरकारी खेतिको पकेट क्षेत्र स्थापना गर्दै कम्तिमा एक गाँउ एक उत्पादनलाईप्रोत्साहित गरी गाउँपालिकाको पहिचानका लागि बजारीकरण गर्ने नीति लिइनेछ ।
- गाउँपालिकालाई मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन, मासुजन्य उत्पादन निर्यात गरी कृषकहरुको आम्दानीमा वृद्धि गर्न बाख्रा पकेट क्षेत्र विस्तार गरिनेछ ।
- नगदेबाली जस्तैः अदुवा,बेसार अलैची, तेलहन उत्पादनका लागि कार्यक्रम पहिचान गरी यसको उत्पादनमा विशेष जोड दिइनेछ ।
- न्यूनतम लगानीमा किसानहरुको आय आर्जनमा वृद्धि गर्न मौरी पालन प्रवर्द्धनका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सहित आधुनिक मौरीका घार लगायतका सामाग्री वितरण गरी विशेष प्रोत्साहन गरिनेछ ।
- तोरी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत किसानहरुलाई उपलब्ध गराइदै आएको अनुदान कार्यक्रमलाई थप प्रभावकारी एवम् क्षेत्र विस्तार गरी तेलहन बाली (तोकिएको बाली) मा परिमार्जन गरी अनुदान प्रदान गरी प्रोत्साहन गरिने छ ।
- एक घर एक करेसावारीको अवधारणा अघि सारिनेछ ।आयआर्जनमा बडवा दिन बेरोजगार महिलाहरुलाई करेसाबारी खेतितर्फ प्रोत्साहन गरिने छ।

- किवी बिरुवा सहयोग कार्यक्रमलाई निरन्तरता दिई किवी पकेट क्षेत्रमा किवी थाक्रा व्यवस्थापन तथा असिना जाली (एग्रोनेट) व्यवस्था गरिने छ ।
- व्यवसायिक कृषि तथा पशुफार्म सुदृढिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- सिंचाई सुविधा उपलब्ध नभएका स्थानहरुमा साना सिंचाई, सिंचाई पोखरी साथै प्लाष्टिक पोखरी निर्माणको व्यवस्था गरिनेछ।
- कृषकको कृषि तथा पशुधन क्षतिको न्यूनिकरणको लागि बीमा कार्यक्रमलाई अगाडि बढाइने छ ।
- बार्हैं महिना कृषि उपज संकलन तथाभण्डारण गर्नका लागि चिस्यान केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन तथा पहल गरिनेछ ।
- एक गाउँ एक प्राविधिकको अवधारणाको आधारमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- व्यवस्थित रुपमा सञ्चालित कृषि तथा पशुपालन व्यवसायहरुको व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउँन बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी सहजिकरण गरिनेछ ।
- पशुपन्छिमा लाग्ने महामारी रोग नियन्त्रणको लागि भ्याक्सिनेशन कार्यक्रम, फलफूलका विरुवा तथा फलमा लाग्ने औंसा किरा नियन्त्रणका लागि फेरामेन्ट ट्र्याप कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा उत्पादित कृषि उपजको बजार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । त्यसको लागि कृषि स्रोत व्यक्तिहरुको उत्पादन गरी उनीहरुमार्फत प्रक्रिया अगाडी बढाईनेछ ।
- पशुपंक्षीमा लाग्ने रोग नियन्त्रणका लागि आवश्यक औंषधिको व्यवस्था गरिनुको साथै स्थलगत पशुपन्छि परजिवी नियन्त्रण शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषकहरुलाई प्राविधिक ज्ञान प्रदान गर्नकृषकसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन गरिनेछ ।

**२. उद्योग तथा वाणिज्य**

- स्थानीयसीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ ।
- खाद्य वस्तुहरुको बजार अनुगमन गरी म्याद गुज्रिएका सामाग्रीहरुको बिक्री वितरणमा पूर्ण रोक लगाइने छ ।
- परम्परागत रुपमा सञ्चालन भइरहेका घरायसी औजार निर्माण गर्ने आरन, चुँदारा जस्ता पेसा व्यवसाय सुदृढिकरणको लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र स्थापना भएका र हुने नेपाली कागज, अल्लो कपडा, जडिबुटीलगायतका स्थानीय कच्चा पदार्थको प्रयोग हुने र आन्तरिक रोजगारी सिर्जना गर्ने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण,अनुदान तथा राजश्व छुट गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**३. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता, रोजगारी, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम**

- ऐसेलुखर्क गाउँपालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई गरिवी न्यूनिकरणको एक प्रमुख माध्यमको रुपमा सक्रिय बनाई दिगो विकासको लक्ष्यमा टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- सहकारी तथा लघु उद्यम कार्यक्रमलाई गरिबी निवारण तथा न्यूनिकरणको प्रमुख आधार मानिनेछ।
- सहकारीताको व्यवस्थापनमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरीय सहकारी सम्यन्त्र निर्माणमा पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निस्क्रिय रहेका सहकारी संस्थाहरुको खारेजी तथा विघटन प्रक्रिया अगाडी बढाइने छ । नयाँ कृषि सहकारी, श्रमिक तथा उपभोक्ता सहकारी संस्थाहरु दर्ता गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिमलघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजनातथा उद्यमशिलता विकास तालिम सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ । उद्यमीले गर्न चाहेको व्यवसायको व्यवसायिक योजना तयार गरिने छ ।

- उद्यम विकासका लागि सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजिकरण गरी लघु उद्यमी समूहको गठन तथा परिचालन गरी उद्यमीहरुको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुर्णताजगी तथा एडभान्स सिप विकास तालिम) कार्यक्रम सञ्चालन गरिने छ ।
- बेरोजगार सूचीमा सूचीकृत भई प्राथमिकताक्रम सूची बमोजिम बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाको समेत साझेदारी गरी प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम सय दिनको रोजगारी दिने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुको आयोजना बैंक बनाइ सोही बैंकमा रहेका आयोजनामात्र कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुमा रोजगारीमा खटिने बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुमा रोजगारीमा खटिनेहरुका लागि कार्यस्थल सुरक्षा सामाग्रीको व्यवस्था गरिने छ ।
- रोजगारीको हकको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान र रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न "रोजगार सम्वाद मञ्च" तथा "श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम"लाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, बेरोजगार व्यक्तिहरुको पहिचान र सूचीकरण कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विभिन्न रोजगार आयोजना तथा रोजगारदाताहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउने, गाउँपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिने छ ।

- वैदेशिक रोजगारीमा रहेका, वैदेशिक रोजगारबाट फर्किएका र वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमै रोजगारीमा संलग्न भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरिनेछ । रोजगार सेवा केन्द्रको कार्यक्षेत्रमासमुदाय स्तरमै सुरक्षित वैदेशिक रोजगारका सूचना, सीपमूलक तालिम,लगायतका विषयहरुमा सूचना प्रवाह गरिने छ ।
- वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रमार्फत सहजिकरण गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित योजनाहरुलाई दीगो र गुणस्तरीय बनाउन निर्माण सामाग्रीको व्यवस्था गरिने छ ।
- रोजगार रणनीति अद्यावधिक तथा कार्यान्वयनमा विशेष जोड दिइने छ ।
- बेरोजगार व्यक्ति तथा युवाहरुमा भएको ज्ञान, सीप तथा क्षमतालाई अभिवृद्धि गरी क्षमता विकास गर्न तथा दक्षता बढाउन विभिन्न सीपमूलककार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा पठाउने व्यवस्था गरिनेछ ।
- वृद्धिमूखी उद्यशीलता र रोजगारी कार्यक्रम(Entreneurship add Empioyment program)प्रदेश सरकारको साझेदारीमा सञ्चालन गरिनेछ ।

## ४. पर्यटन विकासः

- पर्यटकीय क्षेत्रको सम्भावना भएका बहाने पोखरी, घ्याङखर्क, देउराली, महभीर झरना, फापरश्वरा, ऐसेलुखर्क मुलधारा, माकीपा सपनेश्वर लगायतका क्षेत्रहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि ऐसेलुखर्क महोत्सवको आयोजना गरिनेछ ।

- पर्यटन क्षेत्रको विकास र प्रवर्धनलाई उच्च प्राथामिकतामा राखी प्राकृतिक, साँस्कृतिक, जैविक तथा कृषि परम्परागत शैली, मनोरञ्जन, हावापानी अनुकुलन आदि उद्देश्यले प्रेरित गर्न पर्यटन पूर्वाधार सडक, होमस्टे लगायत पर्यटनजन्य व्यवसायलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।
- ऐसेलुखर्क गाउँपालिकाका महत्वपूर्ण धार्मिक स्थल र पर्यटकीय स्थलहरु भएको प्रोफाइल तथा ब्रोसर निर्माण गरी प्रचार प्रसार गरिनेछ ।

**(ख) <u>सामाजिक विकासः</u>**

**१.शिक्षाः**

- विद्यालयहरुको नक्साङ्कण गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा विद्यालयको समायोजन गर्ने नीति अवलम्बन गर्दै शिक्षक, विद्यार्थी र भौगोलिक आधारमा शिक्षक दरबन्दी मिलानलाई निरन्तरता दिइनेछ ।
- ऐसेलुखर्क गाउँपालिकाको "शिक्षा योजना" लाई अध्यावधिक गरिनेछ ।
- शिक्षकहरुको पेसागत विकासका लागि विषयगत शिक्षक तालिम, पाठ्यक्रम, मूल्याङ्कन तथा स्तरिकृत प्रश्नपत्र निर्माण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- विद्यालयका शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता सोझै मासिक रुपमा सम्बन्धित व्यक्तिको खातामा निकाशा गरिदै आएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ।
- हरेक विद्यालयमा स्वच्छ तथा सफा बगैंचा निर्माणको अवधारणा ल्याइनेछ ।
- प्र.अ. सञ्चार खर्च, बालविकास सहजकर्ता, विद्यालय सहायक तथा विद्यालय सहयोगीको थप तलब भत्तासाथै विद्यालयहरुलाई उपलब्ध गराइदै आएको थप मसलन्द खर्चलाई निरन्तरता दिइनेछ ।
- शिक्षकलाई निरन्तर विद्यार्थी मूल्यांकन, कक्षाकार्य, सृजनात्मक कार्य र उपचारात्मक शिक्षण गर्न पोत्साहन गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिलाई शैक्षिक सुधारका लागि जिम्मेवारी र जवाफदेही बनाइनेछ ।

- प्राविधिक विषयको शिक्षणलाई गुणस्तरीय बनाउँदै लगिनेछ साथै थप माध्यमिक विद्यालयहरुलाई प्राविधिक धार सञ्चालनमा विस्तार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको ज्ञान र सीप अभिवृद्धि गर्न परम्परागत रैथाने ज्ञान तथा सीपसम्बन्धी अतिरिक्त क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्रका विद्यालयहरुमा smart board हरुको व्यवस्थापन गर्दै क्रमशः प्रविधियुक्त कक्षाकोठाको व्यवस्था गरिनेछ ।
- आफ्नो पालिकाभित्र विशेष गरी विद्यालय तहका मुख्य विषयहरु (अङ्ग्रेजी, गणित र विज्ञान) अध्ययन गर्न र अध्ययन पश्चात आफ्नै पालिकामा शिक्षण पेसामा सेवा गर्न इच्छुक विद्यार्थीहरुलाई प्रोत्साहन कार्यक्रम ल्याइने छ ।
- ऐसेलुखर्क गाउँपालिकाको गौरव, संस्कृती, सभ्यता, मूल्यमान्यता र एकताको सम्बर्द्धन, नागरिकको कर्तव्य सहितको क्षेत्रमा रही स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ।बहुभाषिक शिक्षण पद्दती अवलम्बवन गरी स्थानीय मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी पठनपाठन गरिनेछ ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालयका प्रधानाध्यापक र विषयगत शिक्षकहरु बीच सूचक सहित कार्यसम्पादन करार गरी नतिजालाई मापणयोग्य बनाइनेछ ।
- कमजोर आर्थिक अवस्थाका कारण बाललबालिकाहरु विद्यालय जानबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्न गरीब, असहाय, अपाङ्ग तथा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ ।
- विद्यालयको शैक्षिक क्षती न्यूनिकरण गर्दै प्रभावकारी पठन पाठन सञ्चालन गर्नको निम्ति जगेडा शिक्षक कोषलाई निरन्तरता दिइनेछ ।
- विद्यार्थिहरुलाई विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReALPlan) कार्यान्वयन गरिनेछ ।

- विद्यालय तहको वार्षिक परीक्षा तथा SEE परीक्षालाई व्यवस्थित र मर्यादित बनाउदैं लगिनेछ, साथै आधारभूत तथा माध्यमिक तहमा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीहरुलाई सम्मान गरिनेछ ।
- जिर्ण रहेका विद्यालयको भवन, भौतिक संरचना निर्माण तथा सुधारमा जोड दिइनेछ । विद्यार्थीहरुलाई पूर्वाधारयुक्त कक्षाकोठामा पढ्ने वातावरण सिर्जनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- हरेक विद्यालयमा बालमैत्री फर्निचर सपोर्टको कार्यक्रम अगाडी बढाइनेछ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री तथा अपाङ्गमैत्री बनाउँदै लगिनेछ ।
- विद्यालयमा छात्राहरुको लागि स्यानटरी प्याडको प्रयोगलाई व्यवस्थित गरिदै लगिनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा नेट-ईन्टरनेटको पहुँच पुऱ्याई प्रविधिमैत्री विद्यालय तथा कक्षाकोठाको अवधारणाको विकास गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीहरुको परिचयपत्र कार्डलाई हरेक विद्यालयमा व्यवस्थित गरिनेछ ।एक शिक्षक एक डायरीको व्यवस्था गरी कक्षाकोठामा प्रवेश गर्नुपुर्व शैक्षिक सामाग्रीको निर्माण तथा दैनिक पाठयोजना बनाउने व्यवस्थाको थालनी गरी शिक्षकहरुलाई जवाफदेही बनाइनेछ ।
- विभिन्न संघ संस्थासँग सहकार्य गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकहरुलाई आवश्यकताका आधारमा तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ साथै सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार तथा विद्यालयको व्यवस्थापनको लागि विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

**२.युवा तथा खेलकुदः**

- खेलकुद क्षेत्रको विकासका लागि गाउँस्तरीय खेलकुद विकास समितिलाई क्रियाशिल बनाई खेलकुदको क्षेत्रलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।

- युवामा अनुशासन संस्कृतीको विकास, शारिरीक तन्दुरुस्ती तथा मानसिक विकास एवंम खेलकुद मार्फत गाउँपालिकाको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकास अघि बढाउँदै खेलकुद पूर्वाधारको निर्माण, विभिन्न प्रतियोगिताको आयोजना र प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई थप बजेट विनियोजन गर्दै मार्षलआर्टलाई समेत उक्त प्रतियोगितामा समावेश गरी समग्र खेलकुद क्षेत्रको प्रतिभा पहिचान गरिने छ ।
- गाउँपालिका तथा वडा स्तरमा खेलकुद प्रतियोगिताहरु आयोजना गरी पहिचान भएका प्रतिभाशाली खेलाडीहरुलाई पालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा थप अवसरहरु प्रदान गरिनेछ ।
- "स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने राष्ट्रिय नीतिलाई मध्यनजर गर्दै गाउँपालिकास्तरीय गा.पा. अध्यक्ष कप तथा अन्तर पालिका स्तरीय खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ऐसेलुखर्क राजभण्डारी खेलमैदान निर्माण तथापालिका स्तरीय कवर्ड हल निर्माणको लागि पहल गरिने छ ।प्रत्येक वडाहरुमा निर्माण भएका खेल मैदानहरुको स्तरोन्नती गर्दै लगिने छ ।

**३. स्वास्थ्यः**

- ऐसेलुखर्क गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने आधारभुत स्वास्थ्य सेवालाई अझ गुणस्तरीय र सेवामुखी बनाउनुको साथै स्वास्थ्य क्षेत्रमा नीतिगत, संरचनागत एवं प्रणालीगत सुधार गरिने छ ।
- स्वास्थ्य चौकी बाकाचोल र स्वास्थ्य चौकी जलेश्वरीलाई बर्थिङ सेन्टर कायम गरिनेछ ।
- नेपाल सरकारले स्वास्थ्य संस्थाबाट निःशुल्क वितरणका लागि सूचीकृत गरेका औषधि तथा औषधि जन्य सामग्रीहरुलाई वर्ष भरी नै निशुल्क वितरण गर्न र प्राथमिक स्वास्थ्य केन्द्रबाट ईमर्जेन्सी सेवामा वितरण गरिदै आईरहेका थप प्रकारका औषधि तथा औषधिजन्य सामाग्रीको आपूर्तीलाई समेत थप व्यवस्थित बनाइने छ ।

- ऐसेलुखर्क गाउँपालिकामा बसोवास गर्ने नागरिकहरुलाई स्वास्थ्य विमा सेवामा आवद्ध गराउन थप बजेट विनियोजन गरी निःशुल्क आधारभुत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गराइने छ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिरहेका आधारभुत स्वास्थ्य सेवा सम्बन्धी रिपोर्टिङ सेवालाई हरेक स्वास्थ्य संस्थाबाट नै प्रविष्ट गरिनुका साथै औषधी तथा औषधीजन्य सामग्रीको मागफारम, हस्तान्तरण, दाखिला र खर्च लगाएतका सम्पूर्ण विवरण अनलाईन प्रणालीबाट गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र, ऐसेलुखर्कबाट निःशुल्क रुपमा प्रदान गरिँदै आएको अतिरिक्त सेवा (प्रयोगशालामा जाँचका सम्पूर्ण सेवाहरु, एक्सरे सेवा तथा भिडियो एक्सरे सेवाहरू, ओ.पि.डी. तथा इमर्जेन्सी सेवा) हरुलाई निरन्तरता दिइने छ ।
- माहामारी रोकथाम तथा नियन्त्रणका लागि भौतिक संरचना, जनशक्ती तथा स्वास्थ्य सुरक्षाको आवश्यक व्यवस्था मिलाउनुका साथै महामारी रोकथाम तथा नियन्त्रणका लागि सहयोगी संघ संस्थाहरुसँग समन्वय र सहकार्यलाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य संस्थाहरुको कमजोर फर्निचर अवस्थालाई सुधार गर्न थप फर्निचरको खरिद गरी व्यवस्थित गर्ने छ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुले पुर्याउनुभएको स्वास्थ्य सेवाको उच्च मुल्यांकन गर्दै अघिल्ला वर्षहरुमा दिइदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइने छ ।
- सुरक्षित मातृत्व सेवा अन्तर्गत रहेको संस्थागत डेलिभरीहरुका लागि तथा अति विपन्न नागरिकहरुलाई ऐसेलुखर्क गाउँपालिकाभित्र निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिइने छ ।
- गर्भवतिहरुलाई दिइदै आएको ग्रामिण भिडियो एक्सरे कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- ज्येष्ठ नागरिकतथा दिर्घरोगी एवं अपांगहरुसँग स्वास्थ्यकर्मी कार्यक्रम मार्फत ग्रामिण स्वास्थ्य परीक्षण सेवालाई निरन्तरता दिइनेछ ।

**४. खानेपानी तथा सरसफाइः**

ऐसेलुखर्क गाउँपालिका

- सबै नागरिकलाई स्वच्छ गुणस्तरीय खानेपानी सहज र सरल रुपमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । मुहान संरक्षणका दीर्घकालिन योजना निर्माणगरी स्वच्छ खानेपानी समस्यालाई समाधान गर्न विभिन्न सरकारी, गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य तथा समन्वय गरिने छ ।
- सुख्खा क्षेत्रमा समेत खानेपानी पुऱ्याउनको लागि अन्य विकल्पको खोजी गरिने छ ।
- गाउँपालिका क्षेत्रिभत्रका फोहोर मैलाहरुलाई उचित व्यवस्थापनको लागि उपयुक्त स्थानमा डम्पिङ साईडको खोजीगरी दीर्घकालिन योजना निर्माण गरिनेछ । ऐसेलुखर्क बजार क्षेत्रको फोहोर मैला व्यवस्थापन प्राथमिकताका साथ गरिनेछ ।
- खानेपानीको स्रोत संरक्षणको लागि पुराना तथा ऐतिहासिक कुवा, पँधेरो, जरुवालाई मर्मत, सम्भार गरी संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।
- स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।यस गाउँपालिकालाई पूर्ण सरसफाई गाउँपालिक घोषणाका लागि आवश्यक कार्ययोजना निर्माण गरी अघि बढ्ने नीति लिईनेछ ।

## ५. कला, साहित्य तथा संस्कृतिः

- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्त्वका स्थानहरुको संरक्षण र सम्वद्धर्न गर्न विशेष जोड दिइने छ ।
- परम्परागत ज्ञान, भाषा, जात्रा, बाजागाजा, चाडपर्व, मेला, ग्रन्थ, पेशा, गुठीलाई समुदायको अपनत्त्व र संलग्नतामा सम्बर्द्वन तथा संरक्षणमा विशेष जोड दिइनेछ।
- गाउँपालिकाभित्र बसोवास गर्ने सबै जातजातीहरुको भाषा, धर्म कला, साहित्य, संगित र साँस्कृति, वर्ण र लिपीको संरक्षणको लागि अनुसन्धानात्मक कार्य सञ्चालन गरिने छ ।

## ६. सामाजिक समावेशिकरण, महिला, बालबालिका, अपाङ्गता तथा जेष्ठ नागरिकः

- ग वर्गको अपाङ्ग कार्ड प्राप्त व्यक्तिहरुलाई उपलब्ध गराइँदै आएको भत्ता रकमलाई निरन्तरता दिइने छ ।

- विपन्न तथा एकल महिलाहरुको क्षमता अभिवृद्धि तथा आर्थिक अवस्थामा सुधार ल्याउन  सिप विकास तालिमहरु सञ्चालन गरिनेछ ।
- महिला तथा बालबालिकासँग सम्बन्धित दिवसीय कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- महिला तथा बालबालिका सम्बन्धी सञ्चालन गरिने विभिन्न सचेतना तथा जनचेतनामूलक कार्यक्रमहरु वडा स्तरमा बजेट विनियोजन गरी वडा स्तरमा सञ्चालन गरिने छ ।
- किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल विवाह न्यूनिकरणका लागि समुदायमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरबाट सञ्चालन हुने कार्यक्रमहरुमा हरेक वर्ग, समुदाय, क्षेत्रको सहभागिता सुनिश्चित गरिनेछ ।
- अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे अनुसार स्थानीय तहमा बाल अधिकार समिति गठन र परिचालन गरी बाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई सबै वडामा बाल क्लवहरु गठन गरिनेछ । बाल क्लवका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम सञ्चालन गरी बाल विवाह, बालशोषण न्युनिकरण गरी बालश्रममूक्त बनाइ बालमैत्री वडा घोषणा गर्दै जाने गरी आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।
- महिलाहरुको क्षमता अभिवृद्धिका लागि आधुनिक सिप तथा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय क्षेत्रभित्र ल्याउन उनिहरुका अभिभावकहरुका लागि आवश्यक परामर्श तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी विद्यार्थी भर्ना अभियान सञ्चालन गरिनेछ ।
- महिलामाथि हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- गाउँपालिकाका सबै वडाहरुमा युवाक्लवको गठन गरी युवा जनशक्तिलाई विपद् व्यवस्थापन तथा स्वयंसेवकिय कार्य, विभिन्न प्रकारका सामाजिक क्रियाकलाप र सामाजिक जागरणका अभियानहरुमा परिचालन गरिनेछ । उनीहरुमा भएको युवा जोस, जाँगर, क्षमता र सिपको अधिकतम उपयोग तथायुवा सशक्तिकरणका लागि रणनीति तयार गरी नेतृत्व विकासमा उत्प्रेरित गरिनेछ ।
- बालबालिका र युवाहरुमा धुम्रपान, मदिरापान तथा लागूऔषधको कुलत न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुलाई विशेष सम्मानका कार्यक्रमहरु राखिनेछन् र उनीहरुको ज्ञानसिप र अनुभवलाई सदुपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- लैंगिक एवं जातिय छुवाछुत विरुद्ध सचेतना मुलक कार्यक्रमहरुसञ्चालन गरिने छ । लैङ्गिक एवम् जातिय छुवाछुतलाई दण्डनीय बनाइने छ ।
- दलित, पिछडिएका वर्ग, अल्पसंख्यक तथा विपन्न वर्गको जिविकोपार्जन तथा जीवनस्तर सुधारको लागि सिपमूलक एवम् चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- सिमान्तकृत र अतिसिमान्तकृत र लोपोन्मुख जाती, समुदाय संरक्षणको लागि गाउँपालिकाले आवश्यक नीति बनाउने छ ।
- स्थानीय सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार र करुणा फाउण्डेशन, नेपालको त्रिपक्षीय लागत साझेदारी र अपाङ्ग महासंघ, नेपालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्तिहरुकोलागि अपाङगता रोकथाम तथा पुनः स्थापना कार्यक्रमलाई निरन्तरता दिदै थप बृहत रुपमा सञ्चालन गरिनेछ ।

**(ग) पूर्वाधार विकासः**

- नेपाल मध्यस्थता परिषद्सँगको सम्झौता बमोजिम निर्माणाधिन प्रशासनिक भवन यथासिघ्र निर्माण सम्पन्न गरी सो भवनबाट कार्यालयको प्रशासनिक कार्यहरु सञ्चालन गरिनेछ ।कार्यालयको लागि आवश्यक फर्निचर तथा अन्य सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- गाउँपालिकाभित्र निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी रहेका अधुरा आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण कार्य सम्पन्न गरिनेछ ।

- अत्यावश्यक बाहेक सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ ।अन्तर गाउँपालिका, ऐसेलुखर्क गाउँपालिका केन्द्र जोड्ने मुख्य सडकहरु र ऐसेलुखर्क गाउँपालिका केन्द्रसँग वडा कार्यालय जोड्ने मुख्य सडकहरु, गाउँ, टोल, बस्तीस्तरबाट वडा कार्यालयसम्म जोड्ने सडकहरुको स्तरोन्नती तथा मर्मत कार्य गाउँ कार्यपालिका बैठकबाट आबश्यकता र प्राथमिकताक्रम निर्धारणको आधारमा गाउँपालिकाको एस्काभेटर प्रयोग गरी निर्माण, स्तरोन्नती तथा मर्मत कार्य गरिनेछ ।
- ऐसेलुखर्क गाउँ पालिकाको यातायात गुरुयोजना प्रभावकारी रुपमा कार्यान्वयन गरिदै लगिनेछ। ऐसेलुखर्क चक्रपथको लागि सम्भाब्यता अध्ययन गरिनेछ ।
- गाउँपालिकाका ठुला तथा गौरवका सडकहरुमा सवारी सुरक्षाको निम्ति जोखिमयूक्त तथा आति आबश्यक स्थानहरुमा सडक बार लगाउने कार्यको थालनी गरिने छ ।
- पुर्वाधार तर्फका १० लाख भन्दा माथिका योजनाहरु बोलपत्र प्रक्रियाबाट सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाबाट सञ्चालित सबै योजना सञ्चालन गर्दा शून्य पेश्कीमा सञ्चालन गर्ने हालको व्यवस्थालाई निरन्तररुपमा अवलम्बन गर्दै लगिने छ ।
- ऐसेलुखर्क बजार ढलान कार्यलाई निरन्तरता दिइने छ ।
- केन्द्रीय विद्युत प्रशारण लाईन विस्तार हुन बाँकी रहेका वडा नं.-१ को बहाने र वडा नं.- २ को विस्काममा केन्द्रीय विद्युत प्रशारण लाइन विस्तारको लागि आवश्यक पहलगरी पूर्ण रुपमा उज्यालो गाउँपालिका घोषणा गर्न विशेष पहल गरिनेछ ।
- आफ्नै पक्की वडा कार्यालय भवन बन्न बाँकी रहेका वडाहरुमा बजेटको व्यवस्था गरी निर्माण कार्यको लागि आवश्यक पहल गरिने छ । सामुहिक कार्यक्रमको लागि समुदायको पायक पर्ने स्थानमा सामुदायिक भवन निर्माण ।
- ऐसेलुखर्क बजार क्षेत्रमा केन्द्रिय विद्युत लाइनबाट सडक बत्तिको व्यबस्था गरिने छ ।
- वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः**

- सुक्खा मौसममा हुने आगलागी तथा वन डढेलोबाट हुने क्षती न्यूनिकरणको लागि सुरक्षा निकाय, रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्युनिकरण तथासचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाढी, पहिरो जस्ता विपद् व्यवस्थापन तथा न्यूनिकरण गरी स्वच्छ, सफा र हरियाली वातावरण निर्माणको लागि निर्माण भएका सडकहरुको दायाँ बायाँ फलफुल, डालेघाँस तथा भुइ घाँस रोपन कार्यक्रम सञ्चालन गरिनेछ
- विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरु मौज्दात राखिने छ । पूर्वाधार विकास अन्तर्गतका सबै खाले विकासका कामलाई विपद् न्यूनिकरण एवम् वातावरण मैत्री ढंगबाट सञ्चालन गर्ने नीति अवलंवन गरिनेछ ।
- यस गाउँपालिकाको जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागि पानी श्रोत संरक्षण, पानीको बहुआयामिक प्रयोग, जडिबुटी खेती प्रवर्द्धन, सुख्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरी वरिपरीको वातावरण हरीयाली राख्न विशेष पहल गरिने छ ।
- विपद् व्यवस्थापन समितिलाई आवश्यकतानुसार सक्रिय बनाइ विपद् पूर्वतयारी र योजना निर्माण गरी कार्यान्वयन गरिने छ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोषलाई थप मजबुद बनाउदै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका विपद् जोखिमयुक्त क्षेत्रहरुको पहिचान गरी नक्साङ्कन गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

- पालिकाको सूचना तथा अभिलेख ब्यबस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु ब्यवस्थित र सुरक्षित राख्न एकीकृत तथ्याङ्क संकलन प्रणाली निर्माण गरी तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिइनेछ ।
- गाउँपालिकाको प्रत्येक गतिविधिलाई पारदर्शी, उत्तरदायी, जनमुखी बनाउन गाउँपालिकाको वेभ साइडलाई थप प्रभावकारी बनाईने छ ।

- भरपर्दो र विश्वासिनिय इन्टरनेट सेवाका लागि सेवा प्रदायक संस्थाको खोजी गरिनेछ र इन्टरनेट सेवा विस्तार गर्ने नीति लिईनेछ ।
- जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधिमैत्री बनाउन थप कार्यक्रम संचालन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय साथै मातहतका कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई जोड दिइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई थप प्रभावकारी बनाउन नागरिक सहायता कक्ष निर्माण गरिनेछ ।
- प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ ।
- गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण आदि हालको व्यवस्थालाई निरन्तरा दिई सुशासनमा जोड दिइनेछ ।
- सार्वजनिक खरिदलाई अझ थप पारदर्शी, प्रतिष्प्रधि र मितव्ययी बनाइ खरिद सुशासन थप प्रभावकारी बनाइने छ ।
- लिखित वा मौखिक रुपमा प्राप्त हुने गुनासा साथै विध्युतिय गुनासो प्रणालीबाट प्राप्त हुन आएका गुनासाहरुलाई यथाशिघ्र सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले गरेका काम तथा सेवा प्रवाहका विषयमा Quationar बनाई अनलाइन वडा कार्यालय मार्फत सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारम भर्न लगाई सो को मूल्यांकनका आधारमा सेवा प्रवाहलाई पारदर्शी बनाउदै लगिनेछ।
- गाउँपालिका भित्रका सबै सार्वजनिक जग्गाहरुको विवरण संकलन तथा अध्यावधिक गरी सोको संरक्षणमा जोड दिइने छ
- कार्यसम्पादन सम्झौतालाई निरन्तरता दिदै थप प्रभावकारी बनाइने छ ।
- कर्मचारी कल्याणकोषलाई थप मजबुद बनाउदै लगिनेछ ।
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकासका लागि पुनर्ताजगी तालिम सञ्चालनमा ल्याइने छ ।
- न्याय सम्पादनमा सहजता ल्याउनको लागि कानुन विदहरुसँग आवश्यक परामर्श लिइने छ न्यायिक कार्यलाई छिटो, छरितो बनाइने छ ।

- नेपाल प्रहरीसँग समन्वय गरी स्थानीय तह, नेपाल प्रहरी र सरोकारवालाहरुसँग पालिका स्तरीय अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनुका साथै गोप्य र सुरक्षित मेलमिलाप केन्द्रको व्यवस्थापन गरिनेछ । पालिकाको सबै वडाहरुलाई नमूना मेलमिलाप केन्द्रको रुपमा विकास गर्दै ।
- गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड-२०७२ लाई लागू गरिने र यस गाउँपलिकाले नक्सा पास प्रक्रियालाई सहज र सरलिकृत गर्ने नीति लिइने छ ।

**राजश्व परिचालनः**

- कर व्यवस्थापन प्रणालीलाई थप सुदृढ गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- करदाताहरुलाई कर सम्बन्धि शिक्षा दिन विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रहरुको समन्वय, सहकार्य तथा साझेदारीमा करदाता शिक्षा अभियान सञ्चालन गरी कर सम्बन्धी विभिन्न अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।सबैलाई करको दायरामा ल्याइनेछ ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेको बालुवा, गिटी, ढुंगा जस्ता नदिजन्य बस्तुहरुको उत्खननको लागि वातावरणीय प्रभाव मूल्यांकन (IEE) गरीनेछ अन्यप्रमुख आयस्रोतको रुपमा आन्तरिक आम्दानी हुने क्षेत्रहरुको पहिचान गरी आन्तरिक राजश्व प्रणालीको दायरा फराकिलो एवम् विस्तार गरिदै लगिने छ ।
- कर छलि तथा चुहावट नियन्त्रणको लागि अनुगमन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । राजश्व परामर्श समितिले तय गरेका राजश्व नीति तथा दण्ड जरिवानालाई कडाइका साथ लागू गरिनेछ ।
- करका दरहरुलाई वस्तुनिष्ठ एवं वैज्ञानिक बनाउदै लगिने छ ।
- गाउँपालिकामा दर्ता भएका विभिन्न संघ, संस्था, समूह, व्यवसाय, समिति र व्यक्तिहरुले गाउँपालिकालाई तिर्न तथाबुझाउनु पर्ने कुनै पनि प्रकारका राजश्व बक्यौतालाई ताकेता गरी अशुल गरिनेछ ।बक्यौदा तिर्न बाँकी रहेको हकमा गाउँपालिकाले दिने सेवासँग समेत जोड्ने नीति अवलम्बन गरिनेछ ।

- लेखा परीक्षणबाट देखिएका सैद्धान्तिक बेरुजुलाई फछ्र्यौट गरी बेरुजुलाई शून्यमा झार्ने प्रयास गरिनेछ ।

**अन्त्यमा,**

हाम्रो गाउँपालिकालाई उन्नत, सिर्जनशिल र सम्वृद्ध गाउँपालिका निर्माणको निम्ति हामीले बोकेको दिर्घकालिन सोच र हाम्रा सुन्दरसपना पुरा गर्नका लागि हामी सबैले ऐक्यबद्धता र हातेमालो गर्दै अगाडी बढौं साथै सबै सरोकारवाला गाउँपालिकाबासी आम नागरिकहरुले हाम्रो सकरात्मक खबरदारी गरुन् भन्ने हामीले अपेक्षा लिएका छौं । यस गाउँपालिकाको विकास, सम्वृद्धि,उन्नति र प्रगतिका लागि आजसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा समन्वय, सहअस्तित्व र सहकार्यगर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, संघसंस्थाहरु, प्रतिष्ठित व्यक्तित्वहरु र  कर्मचारीहरु प्रति म हार्दिक कृतज्ञतासहित आभार व्यक्त गर्दै यो नीति कार्यक्रम कार्वान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !**

एसेल्पुर्क गाउँपालिका